नेपाल सरकार
राष्ट्रिय परीक्षाबोर्ड
**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०**
सानोठिमी,भक्तपुर

पत्र संख्याः

च.नं. :

मितिः२०८३/०१/३१

## माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइइ)२०८२ पूरक परीक्षाकोपरीक्षा आवेदन फाराम भर्ने भराउनेसम्बन्धी सूचना

माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइइ)२०८२ को परीक्षामा नियमित समूहबाट परीक्षा दिई अवर्गीकृत(Not Graded) भएकापरीक्षार्थी मिति २०८३/०३/०१ गतेबाट सञ्चालन हुने पूरक परिक्षामा सहभागी हुनका लागि २०८३/०२/०१ गतेदेखि मिति २०८३/०२/१५ गतेसम्म सम्बन्धित विद्यालयबाट तपसिलबमोजिम परीक्षा आवेदन भर्न/भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. २०८२ को नियमित समूहबाट सहभागी भई अवर्गीकृत (Not Graded) रकुनै एक वा एकभन्दा बढी विषयमा अनुपस्थित भएका विद्यार्थी मात्र पूरक परीक्षाका लागि योग्य मानिने छ।
२. २०८२ को परीक्षा आवेदन फारम भरेका तर कुनै एक विषयको परीक्षामा पनि सहभागी नभएका र परीक्षा रद्द भएका विद्यार्थीले पुरक परीक्षा आवेदन फाराम भर्न पाउने छैन।
३. २०८२ मा ग्रेडवृद्धि समूहबाट परीक्षा दिई अवर्गीकृत (Not Graded) वा अनुपस्थित भएका विद्यार्थीले पूरक परीक्षाको आवेदन फाराम भर्न पाउने छैन।
४. पूरक परीक्षाका लागि नियमित समूहकै प्रवेशपत्र र सिम्बोल नंम्बरबाट परीक्षा दिनुपर्ने छ।
५. पूरक परीक्षाको आवेदन फाराम यस कार्यालयको Website www.see.gov.npबाट Download गर्न सकिने छ।
६. परीक्षा आवेदनवापतको राजश्व रकम रू. ५००। (पाँच सय मात्र) यस कार्यालयको कार्यालय कोड ३५०३१३३०१ राजश्व शीर्षक नं. १४२२३ मा जम्मा गरेको सक्कलै भौचर आवेदन फाराम साथ शिक्षा विकास तथा समन्वय एकाइमा बुझाउनुपर्ने छ।
७. सम्बन्धित विद्यालयले आफ्ना विद्यार्थीले पेस गरेका आवेदन फाराम मिति २०८३ जेठ १६ गतेसम्म शिक्षा विकास तथा समन्वय एकाइमा बुझाइ सक्नुपर्ने छ र सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइले यस कार्यालयले उपलब्ध गराएको Portal मा मिति २०८३ जेठ १८ गतेसम्मा Entry गराइ सक्नुपर्ने यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**परीक्षा नियन्त्रक**